## यातायात गुरुयोजना निर्माणका लागि कार्यशर्त

## (Terms of Reference for Transportation Master Plan Preparation)

### १. शिर्षक

यस आलिताल गाउँपालिकाको पाँच वर्षीय यातायात गुरुयोजना (आ.व. २०७६/७७ - २०८०/८१) तयारी ।

### २.पृष्ठभूमी

नेपालको संविधान २०७२ असोज ३ गते जारी पश्चात नेपाल संबैधानिक एबं ऐतिहासिक रुपमा संघिय गणतान्त्रिक मूलुकको स्थापित भएको छ । संबैधानिक ब्यवस्था अनुसार संघिय, प्रदेश सरकार र स्थानीय सरकार एक स्वायत्त सरकारहरुको रुपमा स्थापित भइ कार्यन्वयन तथा संचालनमा रहेका छन् । स्वायत्त भए पश्चात स्थानीय सरकारलाई नेपालको संविधान वमोजिम ऐन कानून, नीति नियम, निर्देशिका, कार्यविधि वनाई योजना तथा कार्यक्रमहरु तर्जुमा गर्ने अधिकार समेत सुनिश्चित गरिएको छ । यस सन्दर्भमा स्थानीय सरकारको नयाँ संरचना अनुसार र स्थानीय सरकारमा अन्तरनिहित जिम्मेवारी र जवाफदेहितालाई कार्यान्वयन र जनतामा प्रवाह गर्नुपर्ने सेवा र सुविधाहरुलाई ब्यवस्थित, दीगो, पारदर्शी तथा समाबेशीका साथै न्यायोचित रुपमा प्रवाह गर्न स्थानीय सरकारका लागि यातायात गुरुयोजना एक अपरिहार्य रहेको छ ।

स्थानीय जनताको माग तथा विकासको आधार नै सडक भएकाले स्थानीय सरकार/गाउँपालिकाको पहिलो प्राथमिकता क्षेत्र नै सडक हो र यस क्षेत्रमा ठूलो लगानी हुँदै आएको छ । यातायातको लागी सडक तथा पुल निर्माणमा भएको लगानीलाई ब्यवस्थित तथा प्रभावकारी बनाई नतिजामुखी लगानी गर्नको लागी यातायात गूरुयोजना अत्यन्त आबश्यक भएको छ । यसकारण यातायात गुरुयोजनाको तर्जुमा तथा कार्यान्वयनको अपरिहार्यता रहेको छ, तसर्थ आगामी आ. व. २०७६/७७ वाट २०८०/८१ सम्म ५ वर्षे गाउपालिकाको यातायात गुरुयोजना तयारी गरिने छ ।

### ३. उद्देश्य

यसको उद्देश्य आलिताल गाउँपालिकाको समग्र यातायात विकासको लागी पाँच वर्षीय यातायात गुरुयोजना तयार गर्नु रहेको छ ।

### ४. परामर्शदाता कम्पनीले गर्नुपर्ने कार्यहरु

गाउपालिका भित्र यातायात विकासको प्राथमिक तथा द्वितीय श्रोतबाट तथ्यांकहरु संकलन तथा विश्लेषण गरी देहाय बमोजिमको कार्यहरु गर्नपर्ने छ :

४.१ **मौजुदा सडहरुको अध्यावधिक गर्ने** : गाउँपालिका भित्र हाल संचालनमा रहेका सडकहरुको विवरण तयार गर्ने । सडकहरुको विवरण तयार गर्दा सडकको वर्गिकरण, निर्माण अवधि, सडकको अवस्था, गुणस्तर, लम्बाइ, लगानी जस्ता विवरहरु तयार गर्नुपर्ने ।

४.२ **निर्माणाधीन सडकहरु अध्यावधिक गर्ने**: गाउँपालिका भित्र हाल निर्माणाधिन रहेका सडकहरुको विवरण तयार गर्ने । सडकहरुको विवरण तयार गर्दा सडकको वर्गिकरण, निर्माण अवधि, सडकको अवस्था, गुणस्तर, लम्बाइ, लगानी जस्ता विवरहरु तयार गर्नुपर्ने ।

४.३ **निर्माण भैसकेका तथा निर्माणाधिन पुलको विवरण तयार गर्ने**: गाउँपालिका भित्र रहेका पुलहरु तथा हाल निर्माणाधिनमा रहेका पुलहरुको विवरण तयार गर्ने । निर्माण भैसकेका तथा निर्माणाधिन पुलहरुको विवरण तयार गर्दा पुलको वर्गिकरण, निर्माण अवधि, पुलको अवस्था, गुणस्तर, लम्बाइ, लगानी जस्ता विवरहरु तयार गर्नुपर्ने ।

४.४ **गाउँपालिकाको यातयातको विवरण तयार गर्ने:** गाउँपालिकाको यातायात गुरुयोजना तयार गर्दा मर्मत गर्नुपर्न, स्तरोन्नती गर्नुपर्ने, पुनः निर्माण गर्नुपर्ने र नयाँ निर्माण गर्नुपर्ने मुख्य

बाटाहरु,  पुलहरु र सडहरुको विवरण तयार गर्नु पर्नेछ । यसरी तयार गरिएको विवरण सूचीको आधारमा गाउँपालिकाले तयार गरिएको प्राथमिकरणको क्राइटेरियाको आधारमा प्राथमिकरण गरी प्रस्तुत गर्नु पर्ने ।

४.५ **यातायात विवरणको आधारमा अनुमानित लागत तयार गर्नुपर्ने :** गाउँपालिकाको यातायात गुरुयोजना तयार गर्दा मर्मत गर्नुपर्न, स्तरोन्नती गर्नुपर्ने, पुनः निर्माण गर्नुपर्ने र नयाँ निर्माण गर्नुपर्ने मुख्य बाटाहरु,  पुलहरु र सडहरुको विवरणको आधारमा निश्चित विधि र पद्धतिको प्रयोगमा ल्याइ अनुमानित लागतको निर्धारण प्रत्येक सडक तथा पुलहरुको तयार गर्नुपर्ने ।

४.६ **सडक तथा पुलहरुको नक्सांकन गर्ने :** गाउँपालिकाको यातायात गुरुयोजना तयार गर्दा मर्मत गर्नुपर्न, स्तरोन्नती गर्नुपर्ने, पुनः निर्माण गर्नुपर्ने र नयाँ निर्माण गर्नुपर्ने मुख्य बाटाहरु, पुलहरु र सडहरुको नाम सहित संकेत दिई नक्सा तयार गर्नुपर्ने ।

४.७ **GIS Mapping मा उतार्नु पर्ने :** प्रत्येक सडक तथा पुलहरुको विवरण GIS Mapping मा उतार्नु पर्ने र सो बमोजिम हुनुपर्ने ।

४.८ **अनुमानित बजेटको प्रक्षेपन गर्ने :** गाउँपालिकाको यातायात गुरुयोजना तयार गर्दा मर्मत गर्नुपर्न, स्तरोन्नती गर्नुपर्ने, पुनः निर्माण गर्नुपर्ने र नयाँ निर्माण गर्नुपर्ने मुख्य बाटाहरु, पुलहरु र सडहरुमा लाग्ने लागतको बजेटका श्रोतहरु र बजेटको प्रक्षेपन उल्लेख गर्नुपर्ने ।

४.९ **वातावरणीय प्रभावको जोखिम बारे उल्लेख गर्नुपर्नेः** सडक तथा पुलहरुको मर्मत, पुनःनिर्माण, स्तरोन्नती तथा नयाँ निर्माण गर्दा हुन सक्ने वातावरणीय प्रभाव तथा जोखिम न्यूनिकरण बारे उल्लेग गर्नुपर्ने ।

**५) अवधारणा तथा कार्यपद्धति**

१) Transportation Master Plan तयार गर्ने क्रममा गाउँपालिको आबश्यकता र क्षमतको पहिचान गरी संकलित तथांक र त्यसको व्यवस्थापनका लागी सहभागितात्मक विधिको प्रयोग गर्नुपर्नेछ ।

२) सङ्कलित तथ्याङ्कहरु कम्प्युटरमा प्रविष्ट गर्नको लागि कम्प्युटर सफ्टवेयरको उपयोग गरिनेछ र विभिन्न गुरुयोजना तथा पार्श्वचित्रको लागि आवश्यक सूचना तथा जानकारीहरु आवश्यकता अनुसार विष्लेशण गरी निश्कर्ष निकाल्ने प्रणालीको विकास गर्ने ।

३) विभिन्न विषयगत क्षेत्रमा व्यक्ति, घरपरिवारका तथा समुदायको पहुँचको वारेमा विश्लेषण गरि सो वमोजीम योजना वनाउन मद्दत गरिनेछ ।

५) गाउँपालिका भित्रका बाटो, सडक तथा पुलहरुको विवरण अध्यावधिक गर्न सहजता हुनेछ ।

**परामर्शदाता संस्था वा कम्पनीबाट प्राप्त प्रस्तावहरु छनौट तथा मूल्यांकनका आधारहरु :**

**१. योग्यता तथा ज्ञान सिपको विवरण :**

- ❖ प्रस्ताव पेश गर्न आव्हान गरिएको सूचना वमोजिम योग्य भएको ।
- ❖ सार्वजनिक कार्य गर्न नपाउने गरी कालो सूचीमा नपरेको ।
- ❖ योजना तथा रणनीतिक काम गरी अनुभव प्राप्त गरेको ।

**२. प्राविधिक प्रस्ताव**

१. संस्थागत परिचय  २. संस्थाको अनुभव  र क्षमता ४. संस्थाका पदाधिकारीहरुको अनुभव  र क्षमता ५. प्रस्तावित जनशक्ति/विज्ञहरुको अनुभव र योग्यता   ४. कार्य संचालन तरीका , कार्य तालिका र विधि आदी अनुसूची १ बमोजिम तयार गर्नुपर्ने छ ।

**३. आर्थिक प्रस्ताव**

आर्थिक प्रस्ताव पेश गर्दा विस्तृत अनुमानित खर्चको विवरण सहित तोकिएको ढाँचामा तयार गरी पेश गर्नुपर्दछ । आर्थिक प्रस्तावको ढाँचा अनुसूची २ मा उल्लेख भए अनुसार हुनुपर्ने छ ।

४. **प्रस्ताव पेश गर्ने तरीका :**

प्रस्ताव पेश गर्न आव्हान गरिए वमोजिम प्राविधिक प्रस्ताव खाममा सीलवन्दी गरी खाम वाहिर नाम ठेगाना उल्लेख गरी सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र यस कार्यक्षेत्रगत शर्त अनुसार पेश गर्नु पर्ने छ ।

**५. प्रस्ताव मूल्यांकन गर्ने तरिका :**

प्रस्तावको मूल्यांकन गुणस्तर एवं लागत विधिबाट गरिनेछ र प्राविधिक र अर्थिक प्रस्तावको मूल्यांकन खरीदन नियमावली २०६४ बमोजिम हुनेछ र अंक भार १०० कायम गरिएको छ । सवै भन्दा वढि अंक ल्याउने एउटा प्रस्तावलाई छनौट गरिने छ  र दोश्रो हुने  संस्थालाई मूल्याकंन क्रम अनुसार बैकल्पिक सूचीमा राखिने छ ।

**५. विविध** : यसमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (संशोधन सहित), र अन्य प्रचलित नेपाल कानून वमोजिम  हुनेछ ।

**६. अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरु :-**

१. अध्ययन, अनुसन्धान, नविनतम प्रविधि विकास, योजना निर्माणको क्षेत्रमा प्राविधिक र परामर्श सेवा दिने उल्लेख भई सो  मध्ये कम्तीमा कुनै ३ उद्देश्य परामर्श दाता कम्पनीको हुनुपर्ने ।

२. मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनुपर्ने  ।

३. आ.व. ०७४/०७५ को कर चुक्ताको प्रमाणपत्र पेश गर्नु पर्ने वा कर चुक्त गर्न बाँकी नभएको प्रमाण उपलब्ध हुनु पर्ने ।

४. संस्थाको प्रमाणपत्र ०७४/०७५ को आषाढ मसान्तसम्मका लागि नविकरण भएको हुनुपर्ने ।

५. जनशक्तिको प्रस्ताब गर्नु पर्ने ।

६. सूचना र TOR मा उल्लेख भएका शर्तहरु र कालो सूचीमा नपरेको स्वघोषणापत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने ।

पुनश्च : माथि उल्लेखित बुँदा नं ६ को १ देखि ६ सम्मको अनिवार्य पूर्व शर्तहरु पूरा नभएका परामर्शदाता कम्पनीहरुलाई मूल्यांकन प्रक्रियामा समाबेश गरिने छैन र मूल्यांकनको लागी अयोग्य ठहरिनेछ ।